# सन्दर्भ सामग्री

## गुलरिया गाथा
## कक्षा : दुई

गुलरिया नगरकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रकाशक :**
गुलरिया नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रमुख संरक्षक :**
श्री मुक्तिनाथ यादव नगर प्रमुख

**संरक्षक :**
श्री सावित्रा गौतम नगर उप-प्रमुख

**सल्लाहकार :**
श्री ओमकार शाह प्रमुख प्रशासकीय अधिकृत
श्री सतिश यादव शिक्षा युवा तथा खेदकुद शाखा प्रमुख (शाखा अधिकृत)
श्री रूपसिङ खत्री लेखा अधिकृत

© **सर्वाधिकार :** गुलरिया नगरपालिका

**कक्षा २ पाठ्य सामग्री निर्माण समिति**
संयोजकः श्री मतिराम शर्मा
सदस्य : श्री प्रभात कुमार वैश्य
सदस्य : श्री ललितचन्द थारू
सदस्य : श्री सुकमाया वि. क.
सदस्य : श्री विजय सिंह थारू

**कम्प्युटर लेआउट :**
श्री प्रभात सुवेदी
श्री लक्ष्मण चौधरी

**भाषा सम्पादन :**
श्री प्रमोद कुमार तिमिल्सिना
श्री भीष्मराज ढकाल

**आवरण डिजाइन :**
श्री प्रभात सुवेदी

वि.सं. : २०८०, असार

मुद्रण : म्याक्सवेल प्रिन्टस प्रा.लि., नेपालगन्ज, बाँके,
फोन नं. ०८१-५३८०५५ E-mail:maxwell.prints@gmial.com

# भूमिका

मानव चेतना र सभ्यताको विकास बिना समाज परिवर्तनको कल्पना गर्न सकिदैन । समाजको परिवर्तनबाट मात्र राष्ट्रको विकास सम्भव हुने भएकोले सबै पक्षको समुचित विकासको आधारशीला नै शिक्षा हो । शिक्षा मार्फत प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिको हस्तान्तरण गर्ने विधिहरूमध्ये औपचारिक शिक्षा एउटा प्रमुख माध्यम हो । औपचारिक शिक्षाको प्रारम्भिक चरण भनेको आधारभूत शिक्षा हो । आधारभूत शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी सिपमा आधारित बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न सकिएमा शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

नेपालको संविधान अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई सञ्चालन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भ र प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ ले कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टा र कक्षा (४-८) मा साप्ताहिक ४ कार्यघण्टाको १०० पूर्णाङ्क स्थानीय विषय/भाषा समावेश गरेकाले गुलरिया नगरपालिकाले पालिकाभित्र रहेका स्थानीय कला, संस्कृति, ऐतिहासिक परम्परा, धार्मिक, पुरातात्त्विक तथा पर्यटकीय स्थानहरूको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यका साथ **'गुलरिया गाथा'** स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूमा लागु गर्नेगरी तयार गरिएकोमा पाठ्यक्रममा निदृष्ट विषयवस्तुहरूको सिकाइका लागि कक्षा १ देखि ८ सम्मको पाठ्य सामग्री तयार गरिएको छ ।

प्रस्तुत सन्दर्भ सामग्रीबाट नगर क्षेत्रमा रहेका महत्त्वपूर्ण विषयवस्तुहरूको परिचय गराई बालबालिकाहरूलाई आफ्नो ठाउँका कला र संस्कृतिसँग परिचित गराउन र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी तथा स्वावलम्बी धारणाको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका विषयवस्तुहरूसँग परिचित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यो पाठ्यसामग्री गुलरिया नगरपालिकाको शिक्षाको उद्देश्य हासिल गर्ने, स्थानीय विषयवस्तु ज्ञान, सिप, संस्कृति, प्राकृतिक सम्पदाको सम्भावना आदिलाई समेटेर तयार गरिएकोले बालबालिकाहरूको सिकाइमा सघाउ पुग्ने छ ।

गुलरिया नगरपालिकाले तयार गरेको पाठ्यक्रम अनुरूपका विषयवस्तुका साथै यस क्षेत्रको कला, संस्कृति, धर्म, कृषि, पर्यटन, सम्पदा, स्थानीय पेशा व्यवसाय र प्रविधिलाई पाठ्य सामग्रीमा समेटिएको छ । गुलरिया नगरपालिकामा लामो समयसम्म कार्यरत अनुभवी शिक्षकहरूको विज्ञ समूहबाट छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी तथा स्थलगत भ्रमण समेत गरी आफ्नो मिहिनेत र लगनबाट यो पाठ्य सामग्री तयार गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सबैप्रति गुलरिया नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । गुलरिया नगरपालिकाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको समेत अपेक्षा गरिएको छ । कक्षा १ देखि ८ सम्म प्रकाशन गरिएको सन्दर्भ सामग्रीलाई अझै प्रभावकारी बनाउनका लागि यस नगरपालिकाले सामग्री प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ । प्राप्त सुझावहरूका आधारमा आगामी संस्करणहरूमा परिमार्जन गर्दै लगिने छ ।

**मुक्तिनाथ यादव**
**नगर प्रमुख**


# विषय सूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| **एकाइः १** | **हाम्रो गुलरिया** | **१** |
| | पाठ १ हाम्रो वडा राम्रो वडा | २ |
| | पाठ २ गुलरिया नगरपालिकाको अवस्थिति | ४ |
| **एकाइः २** | **हाम्रो संस्कार, संस्कृति र परम्परा** | **९** |
| | पाठ १ शिष्टाचार | १० |
| | पाठ २ स्थानीय जातजाति | ११ |
| | पाठ ३ माटाका भाँडाकुँडा | १२ |
| | पाठ ४ हाम्रा चाडपर्व | १४ |
| | पाठ ५ हाम्रा स्थानीय भेषभूषा | १६ |
| | पाठ ६ स्थानीय लोक बाजा | १८ |
| | पाठ ७ स्थानीय भाषा | २० |
| **एकाइः ३** | **स्थानीय पेशा, व्यवसाय र प्रविधि** | **२२** |
| | पाठ १ कृषि उत्पादनहरू | २३ |
| | पाठ २ दैनिक प्रयोगमा आउने हस्तकलाका वस्तुहरू | २६ |
| **एकाइः ४** | **हरियाली विद्यालय र स्वच्छ नगर** | **२८** |
| | पाठ १ मेरो विद्यालयको बगैँचा | २९ |
| | पाठ २ वरपरको सरसफाई | ३० |
| | पाठ ३ पानीको स्रोत | ३२ |
| **एकाइः ५** | **विपद् सावधानी र सुरक्षा व्यवस्थापन** | **३३** |
| | पाठ १ विपद् सावधानी र सुरक्षा व्यवस्थापन | ३४ |
| | पाठ २ आगलागी | ३५ |
| | पाठ ३ दुर्घटना | ३६ |
| **एकाइः ६** | **हाम्रो सम्पदा** | **३८** |
| | हाम्रो गुलरियाका सम्पदा | ३९ |
| | गुलरिया-गान | ४० |

# एकाइ–१
# हाम्रो गुलरिया


**सिकाइ उपलब्धि :**

१. आफू बस्ने वडाको वडा नं. र वडा कार्यालयको ठेगाना भन्न,
२. बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको अवस्थिति पहिचान गर्न,
३. आफ्नो वडामा रहेका गाउँ, टोलको नाम भन्न,
४. आफ्नो वडामा रहेका नदी, खोला, ताल र बाटोको नाम भन्न र
५. वडामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम र ठेगाना भन्न ।



# पाठ १ हाम्रो वडा राम्रो वडा

## आयसाको खुशी (कथा)




आयसाको घर गुलरिया नगरपालिकाको ६ नं. वडामा पर्दछ । उनको मन मिल्ने साथी प्रितिको घर ९ नं. वडामा पर्दछ । गुलरिया नगरपालिकामा १२ वटा वडाहरु छन् । गुलरिया नगरपालिकाको कार्यालय ६ नं. वडामा अवस्थित छ । आयसाको घर रहेको ६ नं. वडाको पूर्वमा ८ नं. वडा पर्दछ । उत्तरमा ५ नं. वडा, पश्चिममा ४ नं., ७ नं. वडा पर्दछन्, भने दक्षिणमा पनि ८ नं. वडा नै पर्दछ । आयसाको मामाघर डल्लापुर पर्दछ भने हजुर बुबा र हजुर आमा भने विक्रीमा बस्नु हुन्छ । आयसा विद्यालय छट्टी भएको दिन मामा घर र हजुरबा र हजुरआमाको घर जानु पर्दा भादा पुल तरे पछि ११ नं. मा रहेको मामाघर डल्लापुरमा पुगेर उत्तरतिर अगाडी बढ्दै १२ नं. वडाको दुधा, भैंसाही हुँदै खोला तरेर हजुरबा हजुरआमाको घर विक्रीमा पुग्छिन् । जङ्गलले घेरेको नदीको पूर्वी भागमा भएको उक्त गाउँमा उनलाई निकै रमाइलो लाग्छ । पर्सि उनको जन्म दिन हो । उनको बुबाले उनलाई वर्थडे गिफ्ट (जन्म दिनको उपहार) किन्नको लागि १० नं. वडाको रत्नापुरको सीमामा रहेको भारतीय बजार चित्लहवा जाने कुरा सुनेर उनी दङ्ग छिन् । त्यसै गरी यो वर्षको पढाइको नतिजा राम्रो ल्याएको खण्डमा ९ नं. वडामा रहेको टेपरी गाउँको दक्षिण भारतीय सीमामा लाग्ने लक्कडबाबा मेलामा लैजाने भन्ने बुबाको कुराले त झन उनलाई किताब छाड्नै मन लाग्दैन । आयसाको दिदीको विहे वडा नं. १ मा रहेको शंकरबस्तीमा भएको छ । गएको माघमा दिदीले आफ्नो घरतिर घुमाउन लग्नु भएको थियो, त्यहाँ दिदीले ३ नं. वडाको कट्टी गाउँ हुदै लैजादा यो हाम्रा नगर प्रमुख मुक्तिनाथ यादव ज्यूको घर हो भनेर बाटोको दक्षिण पूर्व रहेको ठूलो घरलाई देखाएर चिनाउनु भएको थियो । त्यसपछि पश्चिमपट्टी खण्डाबाबाको मन्दिर हुँदै १ नं. वडाको शंकरबस्ती १६ नं., १५ नं., १२ नं. गाउँ हुदै पर्वतीया मन्दिर समेत घुमाउनु भयो । पर्वतीया मन्दिरमा दर्शन गरे पछि दिदीले २ नं. वडामा रहेको


पण्डितपुरमा कृष्णसार क्षेत्रमा घुमाउन लैजानु भयो । कृष्णसार क्षेत्रमा कृष्णसार उफ्रेको दृष्य उनलाई अहिले पनि झलझली सम्झना आइरहेको छ ।

## अभ्यास

१. तपाईंको वडा नम्बर कति हो ?
२. गुलरिया नगरपालिकामा कति वटा वडाहरु छन् ?
३. तपाईको वडामा कुन-कुन टोलहरु छन् ?
४. तपाईको वडाको वडा कार्यालय रहेको ठाउँको नाम भन्नुहोस् ।

# पाठ २ गुलरिया नगरपालिकाको अवस्थिति

**दिइएको नक्सा हेरी तलका प्रश्नहरूमा छलफल गरौँ ।**





क) दिइएको चित्र के को हो ?

ख) बर्दिया जिल्लामा कति वटा पालिकाहरु छन् ?

ग) नक्सामा तपाईको नगरपालिकालाई चिनाउनुहोस् ।

## पढौँ र बुझौँ




बर्दिया जिल्लामा ८ वटा स्थानीय तहहरु रहेका छन् । बर्दिया जिल्लाको सदरमुकाम समेत रहेको यस गुलरिया नगरपालिकामा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, कारागार, बर्दिया अस्पताल, आयुर्वेदिक अस्पताल, मालपोत, भन्सार, हुलाक, वन कार्यालय, लगायत थुपै मठ मन्दिर, मस्जिद र चर्च रहेका छन् । यस नगरपालिकाको बिच भएर पूर्व पश्चिम जाने हुलाकी सडक समेत रहेको छ । गुलरिया नगरपालिकामा सरयू (भादा नदी), भगहड ताल, कोटही ताल लगायतका सम्पदाहरु रहेका छन् ।

## हेरौँ चिनौँ र भनौ



ताल



बाटा




बर्दिया अस्पताल



मन्दिर




हाट बजार

**अभिभावक र शिक्षकको सहयोगमा तलको तालिकामा लेखिएको कुरा भरौँ ।**

| वडा नं. | नदी | ताल | खोला | स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |

तल दिइएको नक्सामा आफ्नो नगरपालिका चिनेर रंग भर्नुहोस् ।



## एकाइ- दुई
## हाम्रो संस्कार, संस्कृति र परम्परा

**सिकाइ उपलब्धि :**

१. आफ्नो समुदायमा भएका व्यक्तिहरूसँग  गरिने सामान्य शिष्टाचार व्यवहार प्रदर्शन गर्न,
२. आफू रहेको टोल समुदायमा बसोबास गर्ने जातजातिका नाम भन्न,
३. माटाका भाँडा कुडाहरूको नाम र काम भन्न ,
४. स्थानीय चाडपर्वका नाम भन्न र मनाउने समुदायको पहिचान गर्न,
५. स्थानीय भेषभूषाको सामान्य परिचय दिन,
६.स्थानीय लोकबाजा मध्ये कुनै एक बाजा बजाउने अभ्यास गर्न र
७. समुदायमा बोलिने भाषाहरूको नाम भन्न ।

## पाठ १ शिष्टाचार



सानालाई माया गरौँ ठूलालाई आदर
सभ्य, शिष्ट बन्छौँ हामी गर्दै नमस्कार ।
धन, सम्पत्ति, ज्ञान, रूपको घमण्ड नगरौँ
सेवा गरौँ अशक्तको अनादर नगरौँ ॥

दया, माया, करूणा र सेवाभाव राखौँ
मिठो वचन गरिकन सदा सदा हाँसौँ ।
नबिर्सेर पाहुनालाई गरौ सत्कार सेवा
सेवा गर्ने मनुष्यले पाउँछ मिठो मेवा ॥

दूर्व्यवहार सहदैनौँ हामी छैनौँ लाचार
हुन दिन्नौँ कहीँ कतै अन्याय अत्याचार ।
परिश्रम गरिकन पसिना बगाऔँ
भ्रष्टाचार विरूद्धमा आवाज उठाऔँ ।

### अभ्यास

**१) शब्दको अर्थ ( पढ्नुहोस् र लेख्नुहोस् ।)**

| | | |
|---|---|---|
| सम्पत्ति - धन, दौलत | दूर्व्यवहार - नराम्रो बानी व्यहोरा | अत्याचार-अन्याय |
| शिष्ट - राम्रो व्यवहार | अनादर - आदर नगर्नु | परिश्रम- मिहिनेत |
| सेवाभाव - सेवाको भावना | अशक्त - काम गर्न नसक्नु | लाचार-कमजोर |

**२) प्रश्नको उत्तर लेख्नुहोस् ।**

क) शिष्टाचार भनेको के हो ?
ख) आफूभन्दा ठूलालाई के गर्नुपर्छ ?
ग) आफूभन्दा सानालाई के गर्नुपर्छ ?
घ) हामीले कस्ता मानिसलाई सहयोग गर्नुपर्छ ?
ङ) हामीले पैसा कमाउन के गर्नु हुँदैन ?

# पाठ २ स्थानीय जातजाति

नमस्कार, मेरो नाम रामु यादव हो । म गुलरिया नगरपालिकाको टेपरी गाँउमा बस्छु । मेरो गाँउमा धेरै जातजातिका मानिसहरु बस्छन् । मेरो छिमेकमा प्रशान्त चौधरी, कृष्ण पौडेल, दिपा के.सी., रबिना श्रेष्ठ, सन्तोष थापा मगर, सद्दाव सिद्धिकी, लवकुश पासी र अन्जना बैगार छन् । उनीहरू क्रमशः थारू, बाहुन, क्षेत्री, नेवार, मगर, मुस्लिम, दलित जातिका हुन् । त्यसैगरी पवन गुप्ता बनिया जातिका र सुनिता गोडिया निषाद जातिका हुनुहुन्छ ।

जातजाति फरक भएपनि हामी सबै नेपाली हौँ र एकसाथ मिलेर बस्छौँ ।

**अभ्यास**

**१) प्रश्नको उत्तर**

क) तपाई कुन जातिको हुनुहुन्छ ?

ख) तपाईको मिल्ने साथी कुन जातिको हुनुहुन्छ ?

ग) तपाईको छिमेकी कुन कुन जातिका हुनुहुन्छ ?

**२) जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क) अधिकारी | १) मुस्लिम |
| ख) खान | २) ब्राह्मण |
| ग) पोरवाल | ३) थारू |
| घ) चौधरी | ४) गुप्ता |

# पाठ ३ माटाका भाँडाकुँडा



म माटोको दियो, बत्ती
बाल्नमा आँउछु काम

शुभ कार्यमा म बिना हुदैन
पूरा कुनै काम

माटोको खुत्रुके हुँ म, पैसा बचत गर्ने मेरो काम

धेरै महंगो छैन म मात्र २०/२५ रुपैया छ मेरो दाम





लामो छ घाँटी मेरो, सुराही हो मेरो नाम

आधुनिक फ्रिज जस्तो नभए पनि

शुद्ध र चिसो पानी राख्ने मेरो काम

तिमी भन्दा ठूलो छु, डेहरी हो मेरो नाम

धान, गहुँ, चामल अन्न आदि सुरक्षित राख्ने
मेरो काम ।





अंग्रेजीको C जस्तो देखिन्छु म, चुल्हो हो मेरो
नाम

स्वादिलो र पोषिलो खाना पकाउने मेरो काम

धातुको प्रयोग सँगै अनेकौं भाडा वर्तन प्रयोगमा आए
जे जे जति आएपनि हरेक शुभ कर्ममा मलाई अघि लाए ।



## अभ्यास

### १) खाली ठाँउ भर्नुहोस ।

क) दियो................... ले बन्छ ।

ख) हामी खुत्रुके (गुल्लक) मा ............... जम्मा गर्छौ ।

ग) सुराहीको पानी .............. हुन्छ ।

घ) धान ..................मा सुरक्षित हुन्छ ।

ङ) ................ ले पैसा बचत गर्न सिकाँउछ ।

### २) जोडा मिलाउनुहोस् ।

क) दियो





ख) मटका/घैंटो

ग) खुत्रुके





घ) सुराही

ङ) चुल्हा



# पाठ ४ हाम्रा चाडपर्व







हिन्दू धर्मावलम्बीहरूले मनाउने पर्व

| | |
|---|---|
| **बैशाख** | नयाँ वर्ष |
| | बुद्ध पूर्णिमा |
| | मातातीर्थ औसीं(आमाको मुख हेर्ने दिन) |
| | अक्षय तृतीया(सातु खाने दिन) |
| | |
| **ज्येष्ठ** | उभौली पर्व (लिम्बु) |
| | वटसावित्री (मधेशी महिलाले मनाउने) |
| **असार** | हरिशयनी एकादशी |
| | असार १५ (दही च्यूरा खाने दिन) |
| | गुरू पूर्णिमा |
| **साउन** | साउन १५ ( खीर खाने दिन) |
| **भदौ** | नागपञ्चमी |
| | गौरा पर्व |
| | रक्षाबन्धन/जनैपूर्णिमा |
| | श्रीकृष्ण जन्माष्टमी |
| | अटवारी(थारू जातिले मनाउने पर्व) |
| | कुशे औशी( बुवाको मुख हेर्ने दिन) |
| | हरितालिका तीज |
| | ऋषी पञ्चमी |
| **असोज** | दशै/दशहरा/विजयादशमी |
| | कोजाग्रत पूर्णिमा/शरद पूर्णिमा |

| | |
|---|---|
| कार्तिक | काग तिहार/कुकुर तिहार |
| | दिपावली/लक्ष्मी पूजा /सुखरात्री/दिवाली |
| | गोर्वधन पूजा/गाई पूजा |
| | भाइटीका/भाइदुज |
| | छठ पुजा |
| | हरिबोधिनी एकादशी(तुलसी विवाह गर्ने दिन) |
| मंसिर | बालाचर्तुदशी(शतबिज छर्ने काम) |
| पुष | विवाह पञ्चमी(राम विवाह) |
| | उधौली पर्व, धान्य पूर्णिमा |
| | तमु ल्होसार |
| माघ | माघेसंक्रान्ती/माघी/खिचडी खाने पर्व |
| | श्री स्वस्थानी व्रत |
| | सोनाम ल्होसार |
| फाल्गुन | सरस्वती पूजा/श्री पञ्चमी |
| | महाशिवरात्री |
| | ग्याल्पो ल्होसार |
| | होली/फागु पर्व/फगुवा |
| | |
| चैत्र | चैते दशैं |
| | |
| | |

| इसाई धर्मावलम्बीहरूले मनाउने पर्व |
|---|
| गुड फ्राइडे |
| क्रिशमश |

| मुस्लिम समुदायले मनाउने पर्व |
|---|
| ईद/रमदान |
| बकर ईद |
| मोहर्रम |
| मोहम्मद डे/बारह वफाद |

# पाठ ५ हाम्रा स्थानीय भेषभूषा

**महिलाले लगाउने पोशाक**

**पुरूषले लगाउने पोशाक**

लेहंगा, ब्लाउज ,गुनिया,
चोलिया,घाँघरी, अघँरान



सर्ट, धोती, गम्छा ।

सारी, ब्लाउज, लेहंगा
चोली ।




कुर्ता पैजामा,
सुरूवाल,धोती,
गम्छा ।

गुन्यु, चोलो, पटुकी



टोपी, दौरा
सुरूवाल, कोट

बुर्खा, हिजाब



कुर्ता, पैजामा, टोपी

गुन्यू चोलो, पटुकी



खेन्जा, लुङ्गी, टोपी

**अभ्यास :**

**सहि गलत छुट्याउनुहोस् ।**

१. थारु जातिको महिलाले अघंरान र चोली लगाउँछन् । (   )

२ खेन्जा र लुङ्गी मगर समुदायको भेषभूषा होइन । (   )

३. बुर्खा र हिजाव मुस्लिम सुमदायको पहिरन हो । (   )

४. धोती, कुर्ता र गम्छा थारु र मधेसी समुदायका भेषभूषा हुन् । (   )

५. गुन्य चोली र पटुकी पहाडी समुदायको पहिरन होइन । (   )

# पाठ ६ स्थानीय लोक बाजा



ढोल



ढोलक





मादल     बासुँरी







तबला     सारंगी     मजिरा/झ्याली

**परिचय:**

परम्परादेखि बजाइदै आएका बाजाहरूलाई लोकबाजा भनिन्छ । हाम्रो गुलरियामा प्रायः विवाह, ब्रतबन्ध, मुण्डन, किर्तन भजन, सप्ताह, चाडपर्व, मोहर्रम (ताजिया), मण्डलीमा धेरै किसिमका लोक बाजाहरू जस्तै मादल, बासुँरी, खैंजडी, ढोलक, पञ्चेबाजा, सारङ्गी, ढोल आदि बजाइदै आइएको छ ।

**मादल :**

मादल एउटा लोकबाजा हो । यो खयर, सिसौ, साल आदि रूखबाट बनाइन्छ । काठलाई दुबैतिरबाट खोत्रो बनाएर छालाले मोडेर बनाइन्छ । मादलको सानो भागलाई भाले भनिन्छ भने ठूलोतिरको भागलाई पोथी भनिन्छ । आवाज राम्रो बनाउन मादलको दुवै भागमा खरी लगाइन्छ । यो कम्मरमा बाँधी वा काँधमा राखी बजाइन्छ ।

**अभ्यास**

क) लोकबाजा भनेको के हो ?

ख) तपाईंको घरमा कुन बाजा छ ?

ग) तपाईलाई मन पर्ने बाजा कुन हो ?


घ) कुनै पाँचओटा लोकबाजाहरूको नाम लेख्नुहोस् ।

ङ) पञ्चे बाजामा कति वटा बाजा हुन्छन् ?

**परियोजना कार्य :**

- तपाईंको समुदायमा प्रचलित कुनै एक लोकबाजाको बारेमा लेख्नुहोस् ।
- शिक्षक वा अभिभावकसँग स्थानीय कुनै एउटा लोकबाजा बजाउन सिक्नुहोस् र कक्षामा बजाएर देखाउनुहोस् ।

# पाठ ७ स्थानीय भाषा




हामी पहाडी समुदायको व्यक्ति हौं र हामी नेपाली भाषा बोल्छौं ।

हामी मधेशी समुदायको व्याक्ति हौं र हामी अवधी र हिन्दी भाषा बोल्छौं ।

हामी थारु समुदायको व्याक्ति हौं र हामी थारु भाषा बोल्छौं ।








हामी मगर जातिको व्याक्ति हौं र मगर भाषा बोल्छौं ।

हामी गुरुङ्ग जातिको व्याक्ति हौं र हामी गुरुङ्ग भाषा बोल्छौं ।





## क्रियाकलाप १.

गुलरिया नगरपालिकामा बोलिने भाषाहरु कक्षा कोठामा बोल्ने अभ्यास गर्नुहोस् ।

(निर्देशन : कक्षा कोठामा शिक्षकले स्थानीय भाषा बोल्न प्रेरित गर्ने । )

## क्रियाकलाप २.

**प्रश्नको उत्तर दिनुहोस् ।**

क) तपाई घरमा कुन भाषा बोल्नुहुन्छ ?

ख) तपाईँका साथीहरूले कुन-कुन भाषा बोल्नुहुन्छ ?

ग) "हम कल स्कुल नाइ आए रहन" लाई नेपाली भाषामा के भनिन्छ ?

## क्रियाकलाप ३.

निम्न स्थानीय भाषाका शब्दहरूको नेपाली भाषा बनाई अभ्यास गर्नुहोस् ।

| स्थानीय भाषा | नेपाली भाषा |
|---|---|
| क) मौसी | १. झोला |
| ख) अप्पी | २. भिनाजु |
| ग) संघारी | ३. आमा |
| घ) बुडु | ४. बुबा |
| ङ) रस्ता | ५. ठूलो बुबा |
| च) बरापु | ६. बाटो |
| छ) अब्बु | ७.हजुरबुबा |
| ज) अम्मा | ८.साथी |
| झ) जीजा | ९.दिदी |
| ञ) बस्ता | १०.सानीमा |

# एकाइ : तिन
## स्थानीय पेशा, व्यवसाय र प्रविधि

**सिकाइ उपलब्धि :**

१. आफ्नो छरछिमेकमा प्रचलनमा रहेका सिप तथा पेशाहरूको नाम भन्न,

२. आफ्नो घरमा रहेका विभिन्न कृषि उपजहरूको नाम भन्न,

३. दैनिक प्रयोगमा आउने हस्तकलाका वस्तुहरूको नाम भन्न र स्थानीय सिपबाट बनेका ढकिया (ढक्की), जाबा (मुखौरो), डिलिया, डेलवा, हाते पङ्खा (बेना) गुन्द्री आदिको परिचय दिन ।

# पाठ १ कृषि उत्पादनहरू

**संवाद पढौं र बुझौं ।**

रेखा - ए ललिता ! ढिलो भएन ? छिटो जाऔं न ।
ललिता- ल ल म निस्किएँ । ढिलै भयो क्यारे है !
रेखा - किन ढिलो गरेकी ?
ललिता- आज म मामा घर गएकी थिएँ त्यसैले ।
रेखा - कहाँ हो तिम्रो मामा घर ?
ललिता- गुलरिया नगरपालिका वडा नं. ५ बालापुर गाँउ हो । सुन न मलाई त्यहाँ गएपछि घरमा आउनै मन लाग्दैन नि ।
रेखा - किन ?
ललिता- त्यहाँको हराभरा वातावरण र तरकारी खेतीले गर्दा नि । हाम्रो मामाले भन्नु भएको तरकारी खेती गरी विभिन्न बजारमा गुलरिया, खैरापुर, तुलापुर लगी बिक्री गर्नुहुन्छ । अनि धेरै पैसा कमाइन्छ रे ।
रेखा - तिम्रो मामा घरमा के-के तरकारी लगाउनु हुन्छ ?
ललिता - लौका, फर्सी ,मूला, गाजर, गोभी , बोडी, साग, काँक्रा, जस्ता धेरै थरिका तरकारी साथै फलफुलका बोटविरूवाहरु छन् ।



**सागपात तथा तरकारी**

रेखा - हो हगि, अनि फलफूल के के छन् नि ?
ललिता- आँपका ठुला ठुला रूख, केरा , अम्बा, मेवा, लिची, जस्ता अन्य धेरै चिज रहेका छन । हाम्रो हजुरबुबाले भन्नु भएको यस्ता खानाले हाम्रो शरीरलाई रक्षा गर्ने भिटामिन र खनिज पाइन्छ । त्यसैले हामीले दिनहुँ हरिया ताजा सागपात र फलफुल खानुपर्छ रे । बुझ्यौं ?

**फलफूल**



रेखा – तिमीले त कस्तो राम्रो कुरा सुनायौ हरिया तरकारी र फलफूलको महत्व सुनाएर पनि तिमीलाई शरीरलाई तागत दिने खानेकुराका बारेमा बताउछु ।

ललिता– सुनाउ न ।

रेखा – हाम्रो शरीरलाई तागतका लागि धान, चामल, चिउरा, पिठो , मकै, गहुँ , जौ, आलु आदि शक्ति दिने खानेकुरा हुन । त्यसैले यी खानेकुराहरू हरेक दिन मिलाएर खानु पर्छ रे ।



**अन्न**

ललिता – ओहो ! यति धेरै फाइदा हुने अन्न , फलफुल र तरकारीहरू त आफ्नै ठाँउमा पो रहेछन् ।

रेखा – कुरा गर्दागर्दै स्कुल पो पुगिएछ है ।

ललिता – हो त नि वाटो कटेको पनि थाहै भएन ।

रेखा – धेरै खुसी लाग्यो तिमीले धेरै कुरा सिकायौ धन्यवाद घण्टी पनि लाग्यो कक्षा तिर जाऔँ ।

ललिता – धन्यवाद तिमीलाई वाँकी पछि ।

धन्यवाद आ–आफ्नो कक्षातिर लागे ।

**अभ्यास गरौँ ।**

१) तपाईको गाँउ घरमा पाइने ५/५ ओटा तरकारी, फलफूल र अन्नहरूको नाम अभिभावकलाई सोधेर लेख्नुहोस् ।

**२) चित्र हेरेर नाम लेख्नुहोस् :**








३) आफूलाई मनपर्ने कुनै एक फलफूलको चित्र बनाई रङ भर्नुहोस् :

## पाठ २ दैनिक प्रयोगमा आउने हस्तकलाका वस्तुहरू

**चित्र हेरौं, पढौँ र बुझौँ ।**






डिलिया | डेलुवा | नुइया मचिया | बिर्री






सुप्पा(नाङ्लो) | छिट्नी/ झौवा | हेल्का | ढकिया(ढक्की)






बेना (हाते पंखा) | डोको | खुत्रुके | खैँचा

हिजो शनिवार आमाले हामीलाई गुलरिया बजारभन्दा बाहिरको मेरो जन्मभूमी गाउँ थपुवा घुमाउन लैजानु भयो । शुरूमा त मलाई त्यो नौलो ठाँउ मन परेको थिएन तर त्यहाँ गएपछि रमाइलो लाग्यो । त्यहाँ त महिलाहरु माटाका सामानहरू, हामीले प्रयोग गर्ने खुत्रुके र गमला बनाइरहेको देखें । अनि केही मानिसहरू बेना (हाते पङ्खा), गुन्द्री, बुन्दै गरेका थिए । हामी एकजना आफन्तका घरमा गयौं । त्यहाँ मैले धेरै जना महिलाहरूलाई देखें उहाँहरू सबै अ–आफ्नो काममा व्यस्त हुनुहुन्थ्यो कोही डोको, ढकिया, जाबा (मुखौरो), डिलिया, छिट्नी, नाम्लो (सुप्पा) बुन्दै हुनुहुन्थ्यो भने कोही हेल्का, बिर्री, मचिया, डेलवा, खटिया, सेउखा, ढडिया बनाउँदै हुनुहुन्थ्यो । त्यो देखेर मलाई अनौठो लाग्यो । हाम्रो समुदाय, गाँउघर र छरछिमेमा उत्पादन हुने सामानहरूलाई स्थानीय उत्पादन भनिन्छ । यी सामानहरू स्थानीय

मानिसहरूले नै उपभोग गर्छन् । आफूलाई चहिने भन्दा धेरै भयो भने स्थानीय बजारमा लगेर बेच्छन । यी सबै सामानहरु त हाम्रो आमाबुबाले नै निर्माण गर्नु हुँदो रहेछ । हामीले स्थानीय स्तरमा उत्पादित सामानहरूको प्रयोग गर्नु पर्छ । यस्ता सामान प्रयोग गर्दा धेरै पैसा पनि खर्च हुदैन हामीलाई सस्तो पर्छ । स्थानीय स्रोत र साधनको उपयोग पनि हुन्छ । गाउँ घरमा रोजगारी सिर्जना हुन्छ । स्थानीय मानिसहरूको आय आर्जन बढ्छ ।

**अभ्यास**

१) तपाइँको गाउँघर वा समुदायमा उत्पादन हुने वस्तुहरूको नाम भन्नुहोस् ।
२) तपाइँको घरमा स्थानीय समुदायमा बनेका कुनकुन सामानहरू छन् ?

**उत्तर लेख्नुहोस् ।**

तपाईको घरमा भएका स्थानीय हस्तकलाका वस्तुहरू के-के छन् ? लेख्नुहोस् ।

# एकाइ : चार
# हरियाली विद्यालय र स्वच्छ नगर

**सिकाइ उपलब्धि :**

१. घर तथा विद्यालयमा भएका फूलबारी तथा वोटविरुवाहरूको हेरचाह गर्न,
२. विद्यालय, गाउँघर, हरियाली तथा स्वच्छ बनाउने तरिका भन्न,
३. फोहोरमैलाको परिचय तथा प्रकार (कुहिने र नकुहिने ) भन्न,
४. घर, आँगन, विद्यालय, वरिपरिको वातावरण फोहोर हुने कारणको पहिचान गर्न र
५. पानीका स्रोतका नाम भन्न ।

## पाठ १ हाम्रो विद्यालयको बगैचा



अजय र काजल कक्षा दुईमा पढ्छन् । उनीहरूको विद्यालयमा बगैचा छ । बगैंचा सफा र सुन्दर छ । उनीहरूलाई बगैंचामा काम गर्न धेरै मन पर्छ । उनीहरूको साथीहरू पनि बगैंचा सफा गर्न धेरै रूचाउँछन् । आज उनिहरूले आफ्नो घरबाट मल ल्याएर बगैंचामा मल हाल्ने, बिरूवा सार्ने, गोडमेल गर्ने, पानी हाल्ने र बार लगाउने काम गर्दैछन् । शिक्षकले उनीहरूलाई बगैचाको हेरचाह गर्ने काम दिनु भएको थियो । उनीहरु आफनो घर तथा गाउँको सरसफाइमा पनि सहयोग गर्ने गर्छन् ।

**क) प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

१) अजय र काजलको विद्यालयमा के छ ?
२) बगैचा कस्तो छ ?
३) अजय र उनका साथीहरूले बगैचामा के-के काम गरे ?
४) बगैचाको हेरचाह कसरी गर्न सकिन्छ ?
५) विद्यालयको बगैचा बनाउने काममा तपाई कसरी सहयोग गर्नु हुन्छ?
६) के तपाईहरूको घरमा पनि बगैचा छ ?

**ख) तपाईले बगैचामा के-के कामगर्न सक्नुहुन्छ भन्नुहोस् ।**

**ग) गर्न हुने क्रियाकलापमा ठिक (√) र गर्न नहुने क्रियाकलापमा (×) चिन्ह लगाउनुहोस् ।**

क) फूलमा पानी हाल्ने (  )
ख) हाँगा भाच्ने काम (  )
ग) बगैचाको हेरचाह गर्ने (  )
घ) फलफूलको विरूवा रोप्ने (  )
ङ) विरूवाहरूको गोडमेल नगर्ने (  )

# पाठ २ वरपरको सरसफाई



**प्रश्नहरू :-**

१) आँगनमा मानिसहरू के गर्दैछन् ?

२) चित्रमा अरु के-के देख्नुभएको छ ?

३) आफनो घर तथा विद्यालय सफा राख्न तपाई के-के गर्नुहुन्छ ?

४) तपाई कुहिने र नकुहिने फोहर कहाँ फाल्नु हुन्छ ?

५) वातावरण सफा नराखे के हुन्छ ?

**पढौं र छलफल गरौं :**

राजेश कक्षा २ मा पढछन् । उनको घर अनि विद्यालय सफा छ । उनको विद्यालयमा आज सरसफाई गर्ने कार्यक्रम राखिएको छ । उनीहरूलाई शिक्षकले पनि सहयोग गर्नु हुन्छ । शिक्षकले उनीहरूलाई कुहिने फोहर र नकुहिने फोहर अलग अलग भाँडोमा जम्मा गर्न लगाउनु हुन्छ । विद्यार्थीहरु पनि शिक्षकले भने जस्तै गरी काम गर्छन् ।

टोलका मानिसहरू हप्तै पिच्छे बाटो, धारो, पाटीपौवा, मठमन्दिर जस्ता ठाउँ सफा गर्दा हातमा पन्जा तथा मुखमा मास्क लगाई सरसफाइ गर्छन् र काम सकेपछि नुहाउँछन् । त्यसैले यो समुदाय र यस वरपरको वातावरण सफा, स्वच्छ र हरियाली देखिन्छ । यो गाउँको सुन्दरता देखेर सबैको मन लोभिएको छ ।

**१) तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

अ) चित्रमा जस्तै तपाईको घर पनि सफा छ ?

आ) तपाईको परिवारमा घर सफा राख्न कसले के गर्नु हुन्छ ?

इ) राजेशले कुहिने फोहरलाई कहाँ राख्छन् ?

ई) तपाई आफनो घरबाट निस्कने फोहरहरूलाई कहाँ-कहाँ राख्नुहुन्छ ?

उ) चित्रमा देखाइएको समुदाय तथा वातावरण सबैलाई मन पर्नुको कारण के हो ?

**कुहिने र नकुहिने फोहरहरूलाई तलको तालिकामा लेख्नुहोस् ।**

| कुहिने फोहर | नकुहिने फोहर |
|---|---|
| १.......................... | १.................................. |
| २............................ | २........................................ |
| ३.................................. | ३........................................ |
| ४.................................... | ४.................................. |

## पाठ ३ पानीको स्रोत

**चित्र हेरौ र छलफल गरौँ ।**

**प्रश्नहरु :**

१) चित्रमा के-के देख्नुभयो ?

२) माथिको चित्रमा पानी के-के काममा प्रयोग भएको देख्नुहुन्छ ?

३) तपाईको घरमा पानीका कुन-कुन स्रोतहरू छन् ?

### पढौं र बुझौं

पुजा कक्षा २ मा पढ्छिन् । उनको घरको आँगनमा कुवा छ । उनको घरमा लुगा धुन, विरूवामा पानी हाल्न, नुहाउन र चर्पी सफा गर्न कुवाको पानी प्रयोग गर्ने गरिएको छ ।

अनिता कक्षा २ मा पढ्छिन् उनको विद्यालयमा कल धारा र टुटी धारा दुबै छन् । विद्यार्थीहरूले हातखुट्टा धुन कल धारा प्रयोग गर्छन् भने पानी पिउन र खाना पकाउनको लागि टुटी धाराको प्रयोग गर्छन् । सबै विद्यार्थीहरू मिलेर धाराको वरिपरि समय-समयमा सफा गर्छन् र आफूभन्दा साना भाइ बहिनीहरूलाई धाराको प्रयोग पछि बन्द गर्नुपर्छ भनी सम्झाउँछन् ।

**१. प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) तपाईका घरमा पानीका स्रोतहरू के-के छन् ?
ख) तपाई पानी कुन-कुन काममा प्रयोग गर्नुहुन्छ ?
ग) प्रगोग गरिसके पछि धारा खुल्ला छोड्नु हुँदैन, किन ?

**२. कलधाराको चित्रकोरी शिक्षकलाई देखाउनुहोस् ।**

## एकाई : पाँच
## विपद् सावधानी र सुरक्षा व्यवस्थापन

**सिकाइ उपलब्धि :**

१. बाढी र आगलागीको परिचय दिन,
२ .बाढी र आगलागीबाट बच्न अपनाइने सावधानीका विधिहरू बताउन,
३. सडक दुर्घटनाको परिचय दिन र
४. सडक सुरक्षाका लागि अपनाइने, सडकमा राखिएका सङ्केत र जेब्रा क्रसको अर्थ बताउन ।

# पाठ १ विपद् सावधानी र सुरक्षा व्यवस्थापन

## पढौं र जानौं





अत्याधिक वर्षा भई नदी तथा नालामा पानी भरिएर सतह बाहिर आएको अवस्थालाई बाढी भनिन्छ । वर्षात्को समयमा धेरै पानी पर्ने भएकोले बाढी आउने खतरा बढी हुन्छ । वि.सं. २०७१ सालमा आएको बाढीले बर्दिया जिल्लामा पनि ठूलो जनधनको क्षति गरेको थियो । वर्षात्को समयमा हामी चनाखो भएमा बाढीबाट हुने क्षतिबाट बच्न सकिन्छ ।

वि.सं. २०७१ साल श्रावण २९ गते आएको बाढीको कारणले हाम्रो गुलरिया नगरपालिकामा के-के असर पुगेको थियो र आफ्ना अभिभावकसँग सोधेर कक्षाकोठामा सुनाउनुहोस् ।

## अभ्यास

### १. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क) बाढी आउँदा जताततै .....................हुन्छ । ( घाम, पानी )

ख) वर्षात्को समयमा .....................आउने खतरा हुन्छ । (बाढी, घाम)

### २. तलका प्रश्नको उत्तर भन्नुहोस् ।

क) बाढी भनेको के हो ?

ख) बाढी आउँदा के-के असर पर्छ ?

ग) बाढीको क्षतिबाट बच्न के-के गर्नुपर्छ ?

# पाठ २ आगलागी





**अभ्यास**

क) चित्रमा के भएको छ ?
ख) आगलागी हुँदा के निस्कन्छ ?
ग) घरभित्र भएका सामान के भए होलान् ?
घ) चित्रमा आगलागी हुदाँ के-के नोक्सान भयो होला ?
ङ) आगलागीबाट बच्न के गर्नु पर्ला ?

**पढौं र बुझौं :**

गर्मीको समयमा धेरै जसो आगलागी भएका घटना हामीले सुन्ने गरेका छौं । सलाई, लाईटर ,मट्टितेल जस्ता आगो बल्ने वस्तुहरू केटाकेटीले नभेट्ने ठाँउमा राख्नुपर्छ । खाना पकाइ सकेपछि आगो निभाउनु र ग्याँसको सिलिण्डरलाई पनि राम्रोसँग बन्द गर्नुपर्छ ।

**अभ्यास**

**खाली ठाउँमा सहि उत्तर छानेर भर्नुहोस् ।**

क) आगलागी हुदाँ ...................चारैतिर हुन्छ । (पानी/धुवाँ )
ख) गर्मी समयमा धेरैजसो ......................हुने डर हुन्छ । (बाढी/आगलागी)

**प्रश्नहरूको उत्तर देऊ ।**

क) आगलागी के कारणले हुन्छ ?
ख) सलाई, लाईटर कहाँ राख्नु पर्छ ?
ग) आगलागी भइहाल्यो भने के-के काम गर्नुपर्छ ?

**परियोजना कार्य :**

तपाईंले आगलागीको घटना देख्नुभएको छ भने त्यस घटनाका बारेमा कक्षामा सुनाउनुहोस् । (शिक्षकले यस्ता घटनाहरूबाट बँच्ने र क्षतिको न्यूनीकरण गर्ने उपायहरूका बारेमा भन्न लगाउने ।)

# पाठ ३ दुर्घटना

## अभ्यास

अ) माथिको चित्रमा के देख्नुभयो ?

आ) चित्रमा कुन-कुन चिन्ह देखाइएको छ ?

इ) सडकमा हिड्दा कहाँ हेरेर हिड्नुपर्छ ?

ई) दुर्घटनाबाट बच्न के-के गर्नु पर्ला ?

## पढौँ र बुझौँ

सुमन र उनका बुबा शनिबार बजार घुम्न गएका थिए । उनीहरू जादाँजादै बिच बजारमा धेरै मानिसहरूको भिडमा पुगे । त्यहाँ दुर्घटना भएको रहेछ । घाइतेको शरीरमा धेरै रगत बगिरहेको थियो । त्यो देखेर सुमन डरायो र आफनो बुबासँग कसरी यस्तो भयो भनेर सोध्यो । बुबाले भन्नु भयो ! हेर बाबु , "हामीले सावधानी पूर्वक हिडेनौं भने यस्तो दुर्घटना हुन्छ । हामी सडकमा हिड्दा सधै दाँयाबाँया हेरी गाडी आएको छ छैन हेर्नुपर्छ । जेब्रा क्रस वा संकेत चिन्ह लगाएको ठाउँबाट मात्रै सडक पार गर्नुपर्छ । सडकमा हिड्दा हतारिएर हिडनु हुदैन ।"

### १. प्रश्नहरूको उत्तर देऊ :

अ) सडक दुघर्टना भनेको के हो ?

आ) सडकमा हिड्दा कसरी हिड्नु पर्छ ?

इ) सडकमा हिड्दा वारपार गर्दा के-के सावधानी अपनाउनुपर्छ ?

### २. खाली ठाउँ भर :


क) सडक पार गर्दा ..............बाट मात्र गर्नुपर्छ । ( जेब्राक्रस/बिचबाट)

ख) बाटोमा हिंड्दा दाँयाबाँया ...................हिंड्नुपर्छ । (हेरेर /नहेरेर)

ग) सडकमा हिंड्दा ..........अपनाउनुपर्छ । (सावधानी/असावधानी)

३. तलको चित्रमा उपयुक्त रङ भर :-

जेब्राक्रस



ट्राफिक लाईट



## एकाइ : छ
## हाम्रो सम्पदा

**सिकाइ उपलब्धिः**

१. आफ्नो घर र विद्यालय सेवा क्षेत्र भित्र रहेका सम्पदाहरूको नाम र अवस्थिति बताउन ।








## हाम्रो गुलरियाका सम्पदा

म हुँ गुलरिया बासी, बस्छु नेपाल देशमा
धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको खानीमा
हिन्दू जान्छन् मन्दिरमा, बौद्ध गुम्बामा
क्रिश्चियन जान्छन् चर्चमा, मुस्लिम मस्जिदमा
बगलामुखी, कोटही, सन्तोषी, मातंगी र गायत्री शक्तिपीठ जहाँ
खण्डाबाबा, लक्ष्मीनारायण, राधाकृष्ण र शिव पार्वती मन्दिर छन् यहाँ
बबई बग्छ खलखल भन्छन् भादा पनि
बग्दै जान्छ भारतमा, सरयू नदी बनि
गुलरियाको मुटु भन्छन्, कृष्णसार बस्ने खैरापुरलाई
एक जातिको हरिण हो कृष्णसार, जुन धेरै मन पर्छ मलाई
धेरै पर्यटक घुम्न आउँछन्, स्थानीयजति वनभोज खान
सुन्दर मनोरम दृश्य हेरी खोज्दैनन् चाँडै जान

### अभ्यास

### १) खाली ठाँउ भर्नुहोस् ।

क) कृष्णसार एक जातिको ..................हो ।
ख) खण्डाबाबा मन्दिरमा ............... भगवानको मूर्ति छ ।
ग) भादा नदीलाई ..................नदी पनि भनिन्छ ।

### २) प्रश्न उत्तर दिनुहोस् ।

क) धार्मिक सम्पदामा के - के पर्दछन् ?
ख) कृष्णसार गुलरिया नगरपालिकाको कुन ठाँउमा पाइन्छन् ?
ग) तपाईको टोल नजिकमा पाइने सम्पदाको नाम लेख्नुहोस् ।

### ३) परियोजना कार्य

क) तपाई बस्ने टोल नजिक पाइने धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको सूची बनाउनुहोस् ।

# गुलरिया-गान

रचना : शिक्षक प्रभात सुवेदी

गाउँछौँ गाथा गुलरियाको ।
हाम्रो आफ्नै फुलरियाको ॥

पूर्वै पर्यो बढैयाताल, पश्चिम मधुवन हजुर ।
उत्तर पर्यो बारबर्दिया, दक्षिण आफ्नै सूरजपुर ॥
सरयू नदी, बेल र कुश, कृष्णसार, खैरापुर ।
तपोभूमि, स्वर्गैतुल्य, उर्वर हाम्रो भूमि हजुर ॥

अनेक धर्म, भाषाभाषी, आफ्नै मौलिक संस्कृति।
बचाउनु छ परम्परा, हटाउँदै विकृति ॥
रम्दै गर्छौं खेतीपाती, उन्नत बिउ लगाउँदै ।
पशुपालन, बगर खेती, प्रविधिमा रमाउँदै ॥

स्वच्छ नगर हरियाली सौन्दर्यको खानी यो।
सफा सुग्घर, मिठो वचन यही राम्रो बानी हो॥
मठमन्दिर, गुम्बा, मस्जिद, चर्च हाम्रा धरोहर ।
अलौकिक शक्तिप्रति, विश्वास हाम्रो बरोबर॥